PABFONE
PASHUPATINATH BUDDHA
FOUNDATION OF NEW ENGLAND
Estd 2012

# Pashupatinath Buddha Foundation of New England (PABFONE)

594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org
facebook

**पशुपतिनाथ बुद्ध फाउण्डेशन अफ न्यू-ईग्लायाण्ड (PABFONE) को बार्षिक साधारण सभामा**

## कार्य समितिको तर्फबाट पेश गरिएको बार्षिक प्रतिवेदन

शनिबार, नोभेम्बार २५, २०२३

बार्षिक साधारण सभाका अध्यक्ष ज्यू,

वोर्ड अर्फ ट्रष्टीका पदाधिकारी तथा सदस्य ज्यूहरू,

कार्य समितिका पदाधिकारी तथा सदस्यज्यूहरू, तथा

उपस्थित हुनु भएका सम्पुर्ण सदस्यज्यूहरु,

आज हामी यस पशुपतिनाथ बुद्ध फाऊण्डेशन अफ न्यू-ईङ्ल्याड (PABFONE) को बार्षिक साधारण सभा गर्न गई रहेका छौ। यस फाऊण्डेशनको गत शनिबार, अक्टोबर ७, २०२३ मा फाऊण्डेशनकै भवनमा बसेको बैठकबाट यस संस्थाको साधारण सभा सम्पन्न गर्ने निर्णय भए बमोजिम संस्थाको विधान २०१९ को दफा ६ को अधिनमा रहि शनिबार, नोभेम्बर ११, २०२३ का दिन यस साधारण सभामा छलफल हुने विषयहरू समाबेश गरी सम्वन्धित सबैलाई विभिन्न माध्यमबाट सूचना गरी सोहि सूचनाको आधारमा आज हामी यो बार्षिक साधारण सभामा उपस्थित भएका छौं।

यस साधारण सभाबाट यो संस्था संचालनका लागी थप प्रभाबकारी बनाउने ठोस निर्णयहरू लिनुका साथै आँऊदो दुई बर्षका लागी नयाँ कार्यसमितिको चयन समेतको उदेश्य रहेको छ। यस बार्षिक साधारण सभामा उपस्थित हुनु हुने सबैलाई स्वागत गर्दै कार्य समितिको तर्फबाट अनुमोदित बार्षिक प्रतिबेदन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

उपस्थित महानुभाबहरू,

यस साधारण सभामा यो कार्यसमितिको पुरा कार्यकाल (आईतबार, अप्रिल ३, २०२२ देखी आज सम्म) अवधिमा भए गरेका काम कारबाहीको जानकारी तथा यस बर्षको बार्षिक प्रतिवेदन समेत यसै प्रतिवेदनमा समावेश गरी यस बार्षिक साधारण सभाबाट अनुमोदनका लागी पेश गर्न गई रहेको छु।

594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org
facebook



यो कार्य समितको गठन हुदाँ यस कार्यसमितिको मुख्य जिम्वारिको रुपमा हाम्रो भवनको पुनरनिर्माण, मर्मत सम्भार, मूर्ति प्रतिस्थापन, प्राण प्रतिष्ठा, सामुदायिक भवनको व्यावस्थापन, तथा मन्दिर एवं सामुदायिक भवनको समुद्घाटन गरी आम जन-समुदायलाई पशुपतिनाथ तथा बुद्ध मन्दिरको नियमित सञ्चालन तथा भक्तजनहरुले आवश्यक पुजाअर्चना गर्ने व्यवस्था मिलाउने तथा यसको व्यवस्थित सञ्चालनको सम्पुर्ण कार्यभार तय गर्ने रहेको थियो।

प्राप्त जिम्मेवारी अन्तरगत यस संस्थाका बोर्डअफ ट्रष्टिका पदाधिकारी तथा सदस्यहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, भवन निर्माण समितिका पदाधिकारी तथा सदस्यहरु, फाऊण्डेशनका सम्पुर्ण सदस्यहरु, दाताहरु, भक्तजनहरु, गुरुहरु, कलाकारहरु, अन्य सहयोगी तथा शुभचिन्तकहरु, पत्रकारहरु, विभिन्न संघसंस्थाका पदाधिकारी तथा सदस्यहरु, व्यावसायीहरु, म्यासाच्युसेट्स राज्यका विभिन्न सरकारी तथा गैर्ह-सरकारी निकाय तथा तिनका पदाधिकारीहरु, स्वंयसेवकहरु, तथा यस फाऊण्डेशनलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने विभिन्न संघसंस्था तथा महानुभावहरुको सहयोग एवं सहकार्यमा यस भवनको पुनरनिर्माण, मर्मत सम्भार, मूर्ति प्रतिस्थापन, प्राण प्रतिष्ठा, सामुदायिक भवनको व्यावस्थापन, तथा मन्दिर तथा भवनको गत मे २१ देखी मे ३० सम्म निरन्तर १० दिन सम्म विभिन्न वैद्धिक, तान्त्रिक, धार्मिक, एवं सास्कृतिक विधि पुर्वक अनुष्ठानहरु सम्पन्न गरी आयोजित बृहत् धार्मिक तथा सामाजिक कार्यक्रम 'मूर्ति प्राण प्रतिष्ठा एवं सामुदायिक भवन समुद्घाटन कार्यक्रम' सम्पन्न गरी यस मन्दिर तथा भवनको समुद्घाटन गरी मन्दिर तथा भवन सञ्चालनमा ल्याउनु हाम्रो कार्यकालको प्रमुख उपलब्धिको रुपमा लिएका छौं।

हामिले हरेक बर्ष हाम्रो परमपरा, रितीरिवाज, तथा संस्कृति अनुरुप गर्दै/मनाउदै आएका महत्वपुर्ण पर्व तथा कार्यक्रमहरुलाई मन्दिर तथा भवनको उद्घाटन अघि तथा उद्घाटन पछी पनि निरन्तरता प्रदान गर्दै मन्दिर तथा भवनको उद्घाटन पछी समेत अझै व्यस्थित रुपमा सञ्चालन गर्नका लागी नीति निर्माण तर्जुमा गरी यसका लागी आवश्यक स्रोत तथा संसाधनको समेत उपयुक्त व्यावस्थापन गरी सञ्चालन गर्दै आएको व्यहोरा समेत यहाँहरुमा अवगत गराउन चाहन्छु।

सोही अवधीमा मन्दिरको मात्र नभई हामीसंग उपलब्ध हलको समेत समुचित उपयोग गर्दै हाम्रा समुदायका सदस्यहरुले गर्ने व्यक्तिगत एवं सामाजिक कार्यक्रम तथा अन्य अनुष्ठानका लागी समेत स्थान उपलब्ध गराई आवश्यक व्यावस्थापन गर्न हल व्यावस्थापन समिति समेत गठन गरी सो कार्यलाई समेत निरन्तरता दिएका छौं। यो साधारण सभा माथि उल्लेखित सफलताहरुको उद्घोष सहित शुरु हुन गईरहेको छ। म यो अवधिमा भए

गरेका सम्पुर्ण उपलब्धिका लागी प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने सबै प्रति आभार व्यक्त गर्दै यस कार्यसमितिको गठन पश्चात भएका प्रमुख गतिविधिलाई तल क्रमवद्द रुपमा प्रश्तुत गरेको छुः

- आईतबार, अप्रिल ३, २०२२ को बार्षिक साधारण सभाबाट श्री बिष्णु कार्कीको अध्यक्षतामा यस कार्य समितिको गठन भएको थियो।
- शुक्रबार, अप्रिल २२, २०२२ मा His Eminence श्री स्याल्पा तेन्जिङ् रिम्पोचेको उपस्थितिमा बुद्ध धर्म दर्शन, लुम्बिनीमा विष्वशान्तीका लागी उहाँले गर्नु भएको अभियान, तथा विष्वशान्ती विहार परियोजनाका बारेमा जानकारी पाँऊनुका साथै भावि सहकार्यका सम्बन्धमा समेत विचार विमर्ष गरियो।
- आईतबार, मे ८, २०२२ का दिन बुद्ध जयन्तिका अवसरमा विषेश कार्यक्रमको आयोजना गरी बुद्ध जयन्ति मनाईयो।
- सोमबार, सेप्टेम्बर २६, २०२२ देखी बुधबार, अक्टोबर ५, २०२२ सम्म स्थानिय गुरु तथा भक्तजनहरुले सामुहिक रुपमा दशैंघरको नित्य पुजा तथा आरती गरी जमरा वितरण कार्य गरियो।
- सोमबार, अक्टोबर ३, २०२२ मा ब्रेनट्रि मेयर चार्स सी. क्लोरोससंग भवनको तत्कालिन पुनरनिर्माण तथा भवनको अग्नी सुचक प्रणाली (Fire Alarm System) मा आएको समस्या समाधानका बारेमा समेत छलफल गरियो तथा आऊदै गरेको देऊसी-भैलो कार्यक्रमका लागी अस्थायी अनुमती प्राप्त गरियो।
- अग्नी सुचक प्रणाली (Fire Alarm System) मा आएको समस्या समाधानका लागी हामीलाई तत्काल आवश्यक परेको लगभग $४०,००० हाम्रा दाता तथा सहयोगीहरुबाट छोटो अवधिमै संकलन गरी अत्याधुनिक अग्नी सुचक प्रणाली (Fire Alarm System) जडान गरियो।
- यस फाऊण्डेशनले हरेक बर्ष नेपालीहरुको महान चाड तिहारको उपलक्ष्यमा आफ्नो कला, संस्कृति, र परम्पराको जगेर्नाका लागी तिहार तथा शुभ-दिपावलीको उपलक्ष्यमा देऊसी-भैलो कार्यक्रम गर्दै आएकोमा आईतबार, अक्टोबर २३, २०२२ मा देऊसी-भैलो कार्यक्रम आयोजना गरी हर्षोल्लासका साथ सम्पन्न गरिएको थियो। यो देऊसी-भैलो बष्टन लोक सुशेली, एभरेष्ट व्याण्ड, स्थानिय कलाकार, तथा संस्थाका पदाधिकारीहरुको सकृय सहभागिता र सहयोगमा सम्पन्न भएको थियो।
- भवनको पुनरनिर्माण कार्य भैरहेको तथा भवन सञ्चालनका लागी अनुमती प्राप्त नभएका कारण २०२२ को बाँकी अवधी देखी मन्दिर तथा भवनको उद्घाटन सम्मको अवधिमा मन्दिर तथा भवन पुनरनिर्माणको कार्य, आवश्यक मूर्तिहरुका लागी दाता तथा स्रोतको व्यावस्था गर्ने कार्य, नेपालमा मूर्ती बनाउने तथा झिकाउने कार्य, भवनको कार्यक्रम हलको पुनरनिर्माण तथा व्यावस्थापन (रंगरोगन सहीत), पशुपतिनाथ तथा बुद्ध मन्दिर निर्माणको प्रारुप तयार गर्ने तथा आवश्यक नयाँ संरचना तयार गर्ने कार्य लगायतका कामहरु गरियो। यस अवधिमा उल्लेखित कार्यहरु सफलताका साथ सम्पन्न गर्न सहयोग गर्नु हुने दाताहरु, स्वंयम सेवकहरु, मूर्तीकारहरु, गुरुहरु, एवं अन्य सम्पुर्ण सहयोगीहरु प्रति आभार व्यक्त गर्दछु।

- आईतबार मे २१, २०२३ देखी मंगल बार मे ३०, २०२३ सम्म निरन्तर १० दिन गंगा दशहराको अवधिमा म्यासाच्युसेट्स् तथा अन्य राज्यहरुबाट समेत आऊनु भएका गुरुहरुका साथमा विभिन्न वैद्धिक, तान्त्रिक, धार्मिक, एवं सास्कृतिक विधि पुर्वक अनुष्ठानहरु सम्पन्न गरी हजारौ भक्तजनहरुको उपस्थितीमा उपस्थित भक्तजनहरुले सामुहिक रुपमा भगवानहरुको नाम उच्चारण गरी हर्षोल्लासका साथ सामुहिक रुपमा ताली बजाएर बृहत् धार्मिक तथा सामाजिक कार्यक्रम 'मूर्ति प्राण प्रतिष्ठा एवं सामुदायिक भवन समुद्घाटन कार्यक्रम' सम्पन्न गरीयो।
- मन्दिर तथा भवनको निरन्तर सञ्चालनका लागी आवश्यक पर्ने आर्थिक व्यावस्थापन गर्ने क्रममा भवनको खरिद वापत बुझाऊनु पर्ने धितो तथा ऋण तिर्नका लागी बर्षभरि तिर्नु पर्ने जम्मा रकमलाई ३६५ भागमा विभाजन गरी प्रतिदिन पर्न आऊने धितो तथा ऋण रकम $२५० हरेक बर्ष १ जना दाता/भक्तले १ पटक स्वतस्फुर्त रुपमा उपलब्ध गराउनका लागी धितो तथा ऋण सहभागिता योजना (Mortgage Sharing Plan) मा सहभागिताका लागी आव्हान गरियो। यस आव्हानमा उत्साहजनक सहभागिता रहदै आएको छ।
- मन्दिर तथा भवनको उद्घाटन पश्चात हरेक दिन विहान गुरुहरुबाट पशुपतिनाथ तथा बुद्ध मन्दिरमा नित्य पुजा तथा साँझ गुरुहरु तथा भक्तजनहरुबाट नित्य आरती, हाम्रा धर्म संस्कार, परम्परा, तथा तिथी अनुसारका अनुष्ठान, अन्य संघसंस्थाहरुको सहकार्यमा विभिन्न धार्मिक एवं सांस्कृतिक कार्यक्रम सम्पन्न गर्दै आईएको छ।
- मन्दिर तथा भवनको उद्घाटन पश्चात हरेक आईतबार साँझ विषेश आरती एवं विषेश भजन कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गर्दै आईएको छ। हरेक शनिबार दिँऊसो यथासक्य बौद्ध दर्शन प्रवचन तथा ध्यान कार्यक्रम पनि सञ्चालन गर्दै आएका छौं।
- भवनमा नेपालका विभिन्न भाषा, धर्म, संस्कृति, एवं साहित्यसँग सम्बन्धित विविध भाषामा प्रकाशित सामाग्रिहरु संकलन गरी पुस्तकालय सञ्चालनको शुरुवात गरिएको छ।
- आईतबार, अक्टोबर १५, २०२३ देखी मंगलबार, अक्टोबर २४, २०२३ सम्म स्थानिय गुरु तथा भक्तजनहरुले सामुहिक रुपमा दशैंघरको नित्य पुजा तथा आरती गरी जमरा वितरण कार्य गरियो।
- यस फाऊण्डेशनले हरेक बर्ष नेपालीहरुको महान चाड तिहारको उपलक्ष्यमा आफ्नो कला, संस्कृति, र परम्पराको जगेर्नाका लागी तिहार तथा शुभ-दिपावलीको उपलक्ष्यमा देऊसी-भैलो कार्यक्रम गर्दै आएकोमा सोमबार, नोभेम्बर १३, २०२३ मा देऊसी-भैलो कार्यक्रम आयोजना गरी हर्षोल्लासका साथ सम्पन्न गरिएको थियो। यो देऊसी-भैलो बष्टन लोक सुशेली, एभरेष्ट व्याण्ड, स्थानिय कलाकार, मन्दिको नित्य भजन कलाकारहरु, तथा संस्थाका पदाधिकारीहरुको सकृय सहभागिता र सहयोगमा सम्पन्न भएको थियो।
- नेवार समुदायले मनाउने म्ह पुजा (मंगलबार, नोभेम्बर १४, २०२३) मा तथा नेपालको तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदायले मनाउने छठ पर्व (आईतबार, नोभेम्बर १९, २०२३) मा सम्बन्धित संघ/संस्था वा व्यक्तिहरुसँग सम्पर्क र समन्वय गरी म्ह पुजा तथा छठ पर्वका लागी आवश्यक सहयोग गर्नुका

Pashupatinath Buddha Foundation of New England (PABFONE)
594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org

साथै पर्व/पुजा/कार्यक्रममा सहभागीता जनाईयो। साथै अन्य समुदायले विभिन्न समयमा मनाउने विभिन्न पर्वहरुमा समेत सम्बन्धित समुदाय तथा व्यक्तिहरुसंग सहकार्य गर्ने निर्णय समेत गरिएकोछ।

- मंगलबार, नोभेम्बर २१, २०२३ मा वाचन प्रवीण पण्डित दिन बन्धु पोखरेलको उपस्थितिमा एक दिवसीय अध्यात्मिक प्रवचन तथा भजन कार्यक्रम सम्पन्न गरियो।
- माथि उल्लेखित एक दिवसीय कार्यक्रमका दौरानमा मन्दिरमा उपस्थित हुनु भएका भक्तजनहरु, गुरुहरु, तथा वाचन प्रविण दिन बन्धु पोखरेल समेतले अर्को एक साप्ताहिक कार्यक्रम गर्दा उपयुक्त हुने धारणा राख्नु भएकोमा बष्टन सप्ताह २०१७ कै जगमा रहेर भवन खरिद तथा आजको अवस्था सम्म आईपुग्न सकेको विषेश परिस्थितिलाई मध्यनजर गर्दै उक्त एक दिवसीय कार्यक्रम अवधिमा मन्दिरमा उपस्थित हुनु भएका बोर्ड अफ ट्रष्टिका पदाधिकारी तथा सदस्यहरु, कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु, एवं उपस्थित अन्य महानुभावहरुको राय सल्लाह बमोजिम आगामी शनिबार, जुलाई २०, २०२४ देखी शनिबार, जुलाई २७, २०२४ सम्म साप्ताहिक शिव पुराण तथा प्रवचन कार्यक्रम गर्ने निर्णय गरिएको व्यहोरा समेत अनुमोदनका लागी प्रश्तुत गरेको छु।

उपस्थित महानुभाबहरू,

यस अवधीमा संस्थाका सम्पुर्ण कार्यक्रमहरु सफल बनाउनका लागी कार्यक्रम संयोजक तथा सहयोगीको भूमिका निर्वाह गर्नु हुने सम्मपुर्ण पदाधिकारी तथा सदस्यज्युहरु, सम्पुर्ण स्वंयसेवक ज्युहरु, वेवसाईट तयार एवं कार्यान्विन गर्न सकृय भूमिका निर्वाह गर्नुहुने सम्पुर्ण महानुभावहरु, तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न हुनु हुने सम्पुर्ण महानुभावहरुमा यहाँहरुको अमुल्य योगदानका लागी आभार तथा धन्यवाद व्यक्त गर्दछु।

यस संस्थाको आर्थिक अवस्था एवं गतिविधिका सम्बन्धमा कोषाध्यक्षको तर्फबाट प्रश्तुत हुने आर्थिक प्रतिवेदनमा उल्लेख गरिनेछ।

संस्थाका आर्थिक एवं अन्य गतिविधिको सम्पुर्ण जानकारी संस्थाको वेवसाईट तथा सामाजिक सञ्जालहरुमा आवधिक रुपमा अध्यावधिक गरेका छौं। यस सम्बन्धमा थप जानकारी वा जिज्ञासा भएमा संस्थाका पदाधिकारीहरुसँग सम्पर्क राख्न सकिने व्यहोरा समेत अनुरोध गर्दछु।

PABFONE
PASHUPATINATH BUDDHA
FOUNDATION OF NEW ENGLAND
Estd 2012

Pashupatinath Buddha Foundation of New England (PABFONE)
594 Washington Street, Braintree, MA 02184
Email: info@pabfone.org, Website: http://pabfone.org
facebook

अन्तमा, आजका दिन सम्म यहाँहरुबाट प्राप्त सहयोग, सल्लाह, तथा सुझावका लागी यहाँहरुमा आभार तथा धन्यवाद व्यक्त गर्दछु। साथै यहाँहरुको निरन्तर सहयोग तथा समर्थनको अपेक्षा गर्दै यो साधारण सभामा वृहद छलफल गरी उल्लेखित विषयहरु अनुमोदनका लागी यो बार्षिक प्रतिवेदन पेश गरेको छु।

धन्यवाद।

................................

गौरव राज थपलिया

महासचिव

पशुपतिनाथ बुद्ध फाउण्डेशन अफ न्यू-ईङ्ल्याण्ड (PABFONE)